# आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९

**प्रस्तावाना**

नेपालको संविधानले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ । यसका साथै संविधानले प्रजनन् स्वास्थ्यको हकको पनि सुनिश्चितता प्रदान गरेको छ भने संविधानद्धारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्वन्धी हकको सम्मान संरक्षण र परिपुर्ति गर्नका लागि गाउँपालिकावाट जारी गरिएको "सुरक्षित मातृत्व तथा प्रजनन् अधिकार ऐन, २०७५ " को दफा ५,६ र ७ ले व्यवस्था गरेको सुरक्षित मातृत्व तथा नवजात शिशु सम्वन्धी सेवा प्रवाह गर्न सोही ऐनको दफा ४० ले दिएको अधिकार प्रयोग गरि र जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनसूची ९ को (ण) मा व्यवस्था भए अनुसार महाकुलुङ गाउँपालिकाले **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९** तयार गरि यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१ संक्षिप्त परिचय र प्रारम्भः** १) यस कार्यविधिको नामः "**आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९**" रहेको छ ।

२ यो कार्यविधि गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिवाट तुरुन्त लागु हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यक्रम"** खर्च भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य कार्यक्रम र वजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

ख) **"प्रोत्साहन खर्च "** भन्नाले सेवा तथा भाडा कार्यलय समान जस्ता चालु खर्च सम्झनु पर्दछ ।

ग) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मंत्रालयलाई सम्झनु पर्दछ ।

घ) **"स्थानीय तह"** भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) **"अस्पताल"** भन्नाले पालिका भित्र संचालनमा रहेको महाकुलुङ प्राथमिक अस्पताललाई सम्झनु पर्दछ ।

च) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी वा नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल प्रसुती सेवा प्रदान गर्ने स्वास्थ्य चौकी प्रचलित कानून बमोजिम स्थापना भएको २४ घण्टा दक्ष प्रसुतीकर्मीद्धारा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई बुझाउँदछ ।

छ) **"सेवा ग्राही "** भन्नाले आमा सुरक्षा तथा नवजात शिशु उपचार कार्यक्रमको सेवा सुविधा प्राप्त गर्ने महिला तथा भर्ना भई उपचार गर्नु पर्ने २८ दिन भित्रका नवजात शिशुलाई सम्झनु पर्दछ ।

ज़) **"गर्भवती जाँच सेवा "** भन्नाले सेवा प्रदायकले प्रोटोकल अनुसारको कम्तीमा ८ पटक गर्भ जाँच गरेको भन्ने बुझ्नुपर्दछ । जसमा १२ हप्ता, १६ हप्तासम्म,२० देखी २४ हप्तासम्म,२८ हप्ता,३२ हप्ता,३४ हप्ता,३६ हप्ता र ३८ देखी ४० हप्तामा गर्भवती जाँच वा सेवा लिएकोलाई बुझाउँदछ ।

झ) **"प्रसुती सेवा "** भन्नाले तालिम प्राप्त स्वास्थ्य कर्मीद्धारा स्वास्थ्य संस्थामा प्रदान गरिने सामान्य प्रसुती सेवालाई सम्झनु पर्दछ ।



महाकुलुङ गाउँपालिका गाउँपालिकाको कार्यालय

ञ) **"दक्ष प्रसुतीकर्मी"** भन्नाले मान्यता प्राप्त संस्थावाट अ.न.मी. वा स्टाफ नर्स वा मिड वाईफ उत्तीर्ण गरी मान्यता प्राप्त संस्थावाट एस.वि.ए वा एस.एच.पि. तालिम लिएको स्वास्थ्य कर्मी भन्ने बुझाउँदछ ।

ट) **"आमा सुरक्षा कार्यक्रम"** भन्नाले नेपाल सरकार अन्तर्गतका स्वास्थ्य संस्थामा यस निर्देशिका बमोजिम प्रदान गरिने सेवाहरुका सम्झनु पर्दछ ।

ठ) **"ईकाइ मुल्य"** भन्नाले प्रसूति वा नवजात शिशु उपचार सेवा प्रदान गर्ने संस्थामा कार्यरत कर्मचारीले प्राप्त गर्ने प्रति सेवा ग्राही महिला वा नवजात शिशुलाई प्रदान गरेको निशुल्क रुपमा सेवा दिए वापतको रकम वा मुल्यलाई जुन अनुसूची १ बमोजिमको रकमलाई सम्झनु पर्दछ ।

ड) **"प्रसुती कर्मी"** भन्नाले गर्भवती महिलाको प्रसूति गराउने कार्य गर्ने तालिम प्राप्त स्वास्थ्य कर्मी सम्झिनु पर्दछ ।

ढ) **"स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले नेपाल सरकार अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारको कानून अनुरुप गठन भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ण) **"यातायात तथा उत्प्रेरणा खर्च"** भन्नाले सेवाग्राहीलाई सेवा लिन स्वास्थ्य संस्थासम्म आउन जान उपलब्ध गराउने तोकिए वमोजिमको यातायात खर्च वापतको रकमलाई सम्झनु पर्छ । जुन अनुसूची २ वमोजिम हुनेछ ।

त) **"स्वास्थ्य शाखा"** भन्नाले महाकुलु गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्दछ ।

## परिच्छेद २

### सेवाग्राही महिला र नवजात शिशुले प्राप्त गर्ने सुविधा सम्बन्धी व्यवस्था

३) आमा सुरक्षा अन्तर्गत सेवाग्राही र स्वास्थ्य संस्थाले पाउने सुविधाः –

१) स्वास्थ्य संस्थामा सबै प्रसूतीहरु निःशुल्क उपलब्ध गराईनेछ ।

२) आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले महाकुलुङ गाउँपालिका भित्रका प्रसुती गृह वा बर्थिङ सेन्टर वा प्रसूति सेवा उपलब्ध हुने स्वास्थ्य संस्थामा प्रसुति भए बापत (सामान्य प्रसुति सेवा ) रु ३००० नेपाल सरकारले दिइको सुविधामा थप गरि रु ३०००का दरले उपलब्ध गराउने र जसका लागि स्वास्थ्य संस्थाले अनुसूची २ प्रयोग गर्ने ।

३) स्वास्थ्य संस्थामा सबै प्रसूतीहरु निःशुल्क उपलब्ध गराईनेछ ।

४) प्रसूती सेवा प्राप्त गर्ने महिलालाई अनुसूची २ बमोजिमको यातायात उत्प्रेरणा खर्च नगदै प्रदान गरिनेछ । यातायात उत्प्रेरणा बापतको रकम प्राप्त गर्नका लागि सेवाग्राहीले अनुसूची-२ को ढाँचामा सेवा लिएको स्वास्थ्य संस्थामा निवेदन पेश गर्नु पर्नेछ।

५) प्रोटोकल अनुसार कम्तिमा ४ पटक गर्भ जाँच गराएमा वा सेवा लिएको भएमा स्वास्थ्य संस्थावाट (१६ हप्तामा, २०-२४ हप्ता,३२ हप्ता र ३६ हप्तामा गर्भ जाँच गएमा) व्यक्तिगत सरसफाईका लागि ४ वटा नुहाउने साबुन र Calcium Tablet निःशुल्क उपलब्ध गराईनेछ ।

## परिच्छेद ३

४) **आमा सुरक्षा कार्यक्रम अन्तर्गत ईकाइ मुल्य दाबी-** आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले देहाय वमोजिम ईकाइ मुल्य प्राप्त गर्नेछ ।

क) सेवा प्रदायक स्वास्थ्य ले प्रदान गरेको सेवा अनुसारको ईकाइ मुल्य अनुसूची २ मा तोकिएको वमोजिम प्राप्त गर्नेछ ।

ख) स्वास्थ्यकर्मीको उत्प्रेरणाको लागि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मुल्य रु ६०० थप रकम उपलब्ध गराईनेछ र सो रकम स्वास्थ्य संस्थाको खातामा पालिकाले जम्मा गरि



गाउँपालिका महाकुलुङ गाउँपालिकाको कार्यालय कोशी प्रदेश, नेपाल

दिनेछ र सो रकमवाटै रु ३०० सेवा प्रदायक नर्सिङ कर्मचारीलाई र १५० सरसफाईकर्मी र १५० रूपैया राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई १५ प्रतिशत कर कट्टा गरि भुक्तानी गर्नु पर्नेछ भने राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई सो कर कट्टि गर्न पाईनेछैन । र सो कर वापतको रकमको भौचर पालिकामा बुझाउनु पर्नेछ ।

ग) आमा सुरक्षा कार्यक्रमको लागि बजेट व्यवस्थाः आमा सुरक्षा कार्यक्रमको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

घ) DHIS 2 मा प्रविष्ट गरिएको गर्भवती तथा प्रसूती सेवा संख्याको आधारमा स्वास्थ्य संस्थालाई गाउँपालिकाले आवश्यक पर्ने अनुमानित बजेट उपलब्ध गराउनेछ ।

ङ) सेवा ग्राही महिलाले प्राप्त गर्ने यातायात खर्च र गर्भवती उत्प्रेरणा बापतको रकम अनुसुची २ बमोजिमको विवरण भरी स्वास्थ्य संस्थाबाट डिस्चार्ज भई जाने समयमा नै अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

## ५) अनुगमन तथा प्रतिवेदन

१) आमा सुरक्षा कार्यक्रमको मुख्य जिम्मेवारी महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखाको हुनेछ र सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको हुनेछ । सो को अनुगमन शाखाले गर्नेछ ।

२) सम्वन्धित अस्पताल वा स्वास्थ्य संस्थाले प्रत्येक महिना सार्वजनिक सूचना पार्टिमा सूचना टाँस गरी खर्चहरुको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

## ६) विविध

१) स्वास्थ्य संस्थाले नक्कली लाभग्राही बनाई भुक्तानी लिएमा उक्त भुक्तानी भएको रकम फिर्ता लिने र सिफारिस कर्तालाई जिम्मेवारी बनाउने र प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

२) प्रसुती सेवा लिन जादाँ कुनै बहानामा कार्यविधि बमोजिम सेवा नदिई थप शुल्क लिएमा प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ ।

७) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नु पर्ने भएमा कार्यपालिकाको वैठकवाट थपघट वा संशोधन गर्न सक्नेछ ।

आज्ञाले,
श्री पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
कार्यपालिकाबाट स्वीकृत मिति २०७९।११।०९ गते।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

अनुसूची १
अनुसूची २
अनुसूची ३
अनुसूची ४
अनुसूची ५